मिति : २०८०/३/९ गते (शनिबार) स्थान : पोखरा म.न.पा.को सभाकक्ष

बैठक संख्या : १९ समय : दिनको : २ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।

उपस्थिति :

| सि. नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री वीरेन्द्रदेव भारती | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |

## कार्यपालिकाको उन्नाईसौं बैठकका निर्णयहरु (२०८०/०३/०९)

**निर्णय नं. १.** पोखरा महानगरपालिकाको आगामी तेह्रौं नगर सभामा सफलता पूर्वक सम्पन्न गर्ने सम्बन्धमा छलफल भयो ।

**निर्णय नं. २.** पोखरा महानगरपालिकाले आगामी आ.व. २०८०/०८१ को लागि सम्पूर्ण क्षेत्रको समष्टिगत विकास तथा संस्थागत सुदृढीकरणका सम्बन्धमा अपनाउने नीति र वार्षिक बजेट तथा कार्यक्रमका बारेमा छलफल भई आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम सर्व सहमतीले पारीत भई आगामी नगर सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** पोखरा महानगरपालिकाले आगामी आ.व. २०८० /०८१ मा विभिन्न क्षेत्रमा उठाईने कर, शुल्क, दण्ड जरीवाना विषयको आर्थिक विधेयक, २०८० सम्बन्धमा विस्तृत छलफल भै सर्वसहमतीले पारीत गर्ने र स्वीकृतिको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय भयो । विधेयक अनुसूची-१ मा संलग्न छ ।

**निर्णय नं. ४.** पोखरा महानगरपालिकाले आगामी आ.व. २०८०/०८१ मा कार्यान्वयन गर्ने वार्षिक कार्यक्रम तथा आय व्यय (बजेट) का सम्बन्धमा विस्तृत छलफल भै सर्वसहमतीले पारीत गर्ने र अन्तिम स्वीकृतिको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय भयो ।

**निर्णय नं. ५.** पोखरा महानगरपालिकाको आगामी आ. व. को वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न आवश्यक विनियोजन विधेयक, २०८० का विषयमा छलफल भै स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय भयो । विधेयक अनुसूची-२ मा संलग्न छ ।

**निर्णय नं.** ६. कार्यपालिकाको १८ औं बैठकले पोखरा महानगरपालिका शहरी योजना आयोगका पदाधिकारी नियुक्त गर्ने सम्बन्धि सम्पूर्ण प्रक्रिया पुरा गरी पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिएकोमा उहाँको नेतृत्वमा गठित नेतृत्वको समितिले आशयपत्र लिने, कार्ययोजना प्रस्तुत लगायतका प्रक्रिया पुरा गरि नगर कार्यपालिकाकामा पेश गर्नु भएको प्रतिबेदनलाई बैठकमा पेश हुँदा पोखरा महानगर शहरी योजना आयोग गठन ऐन, २०७५ (संशोधन सहित) मा व्यवस्था भए बमोजिम पोखरा महानगरपालिकाको शहरी योजना आयोगको पदाधिकारीमा देहाय बमोजिम नियुक्त गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री प्रेमलाल लामिछाने, पोखरा, २१- | उपाध्यक्ष |
| श्री जय प्रसाद सापकोटा, पोखरा, १३- | सदस्य |
| श्री मन्दिरा पराजुली, पोखरा, ६ - | सदस्य |
| श्री होमनाथ गैह्रे, हाल पोखरा, ५- | सदस्य |
| श्री सुरेन्द्र बाबु तिवारी, पोखरा ३१- | सदस्य |

**निर्णय नं. ७.-** यस महानगरपालिकामा कार्यरत अस्थाई करारका कर्मचारीका सम्बन्धमा सम्मानित उच्च अदालत पोखराको मिति २०७३/१२/३० को आदेश तथा सम्मानित सर्बोच्च अदालतको निर्देशनात्मक आदेश

कार्यान्वयन गर्न १८ औं कार्यपालिकाले आवश्यक कार्यगर्ने निर्णय गरे बमोजिम विधायन समितिबाट तर्जुमा तथा सिफारिस भै आएको पोखरा महानगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि विधेयक, २०८० माथि छलफल भई स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय भयो ।

**निर्णय नं. ८.-** वडा नं. ८ मा संचालित कृष्णलाल मार्ग बाटो तथा नाला निर्माण स्तरोन्नती ठेक्का पोखरा महानगरपालिका र Planet Purple Construction का बीच २०७९/१२/०१ मा सम्झौता भई कार्य भएकोमा लागत अनुमान बमोजिमको काम सम्पन्न हुँदा प्राविधिक प्रतिबेदन अनुसार ७६ प्रतिशत काम सम्पन्न भएको, गर्न बाँकी काम नरहेकाले ऐनको दफा ५९(१) (घ) तथा नियमावलीको १२७ बमोजिम) प्राविधिक प्रतिबेदन अनुसारको रकम भुक्तानी गरि ठेक्का रद्द गर्ने ।

**निर्णय नं. ९.** यस क्षेत्रमा मृगौला पिडितहरुको लागि आवश्यकता अनुसार डायलेसिस सेवा पर्याप्त नभएको कारण विरामीहरु पिडित भईरहेको हुँदा पोखरा महानगरपालिका र आरोग्य प्रतिष्ठानको साझेदारीमा तत्कालिन लेखनाथ नगरपालिकाको कार्यालय रहेको भवनको तल्लो तलामा निशुल्क डायलेसिस केन्द्र स्थापना तथा संचालन गर्ने । सो को लागि उक्त प्रतिष्ठान सँग आवश्यक शर्तहरु समावेश गरी सम्झौता गर्ने निर्णय भयो ।

**निर्णय नं. १०.** प्राकृतिक प्रकोपको कारण विपत्तिमा परेका देहायका व्यक्तिहरुलाई मनसुन जन्य/आगलागी जन्य विपदबाट प्रभावित नीजि आवास पुनर्निमाण प्राधिकरण बाट लाभग्राहीहरुलाई नियमानुसार पुनर्निर्माण लाभग्राहीको लागि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

| क.सं. | लाभग्राहीको नाम थर | प्रकोप मिति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | तेजकुमारी पौडेल, वडा नं. ११ | २०७९/०५/११ | ९८४६७८९४२४ |
| २ | टिकाराम विश्वकर्मा, वडा नं. २० | २०७८/०५/१६ | ९८४०६०३६४७ |

**निर्णय नं. ११.** चालु आ.व. मा विनियोजन भएका देहायका कार्यक्रमहरु सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार देहाय बमोजिम परिवर्तन गर्ने ।

| हाल योजनाको नाम | बजेट रकम रु. | अब कायम हुने नाम | रकम रु. |
|---|---|---|---|
| ३१११५- जनप्रिय क्याम्पस पुस्तकालय, वडा नं. ८ | ४,००,०००/- | ३१११२- जनप्रिय क्याम्पस फर्निचर खरिद, वडा नं. ८ | |
| मासबार क्षेत्रमा सडकको दायाँबायाँ ढुंगा विछ्याउने, वडा नं ७ | २५,००,०००/- | मासबार क्षेत्रमा सडकको दायाँबायाँ पेपर्स ब्लक विछ्याउने, वडा नं. ७ | |
| मिलन टोलमा रहेको क्रियापुत्री भवनमा ट्रष्ट निर्माण, वडा नं. ७ | २,००,०००/- | मिलन पार्कमा पेपर्स ब्लक विछ्याउने, वडा नं. ७ | |
| सर्वेश्वर मिलन आमा समूहको भवन निर्माण, वडा नं. २५ | २,००,०००/- | गन्धर्व क्रियापुत्री भवन निर्माण, वडा नं. २५ | |

**निर्णय नं. १२.** सार्वजनिक क्षेत्रमा निर्माण हुने देहायका योजना बस्ती संरक्षण गर्न, महानगरपालिकाले निर्माण गर्नुपर्ने योजना भएको, स्थानीय उपभोक्ता समितिबाट संचालन गर्दा जनसहभागिता जुट्न नसक्ने भएकाले जनसहभागिता छुट गर्ने निर्णय भयो ।

| सि.नं. | योजनाको नाम | |
|---|---|---|
| १ | तल्लो गगन गौंडा कालिकानगर नहर निर्माण , वडा नं ३२ | |
| २ | पुरानो धारा बस्ती संरक्षण वडा नं. ४ | |
| ३ | स्वास्थ्य प्रवर्धन केन्द्रको भवनमा ट्रस निर्माण ,वडा नं. २५ | |
| ४ | वडा कार्यालय स्तरोन्नती, वडा नं. २५ | |
| ५ | सिद्धार्थ टोल विकास संस्थाको भवनमा ट्रस सहित तला थप, वडा नं. ४ | |

निर्णय नं.१३.- पेश हुन आएको Construction of Sarangkot Water Supply Project, PMC -2,18 को योजना ठेक्का रद्द सम्बन्धमा Redesign समेत गरी २ पटक १ वर्ष १० महिना म्याद थप समेत हुँदा पनि सो योजना कार्यान्वयन हुन नसकेको, ३ वर्षसम्म पनि ठेक्का कार्यन्वयन नहुने स्पष्ट कारण नदेखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ र ८ बमोजिम निर्माण व्यवसायीको पूरै जमानत जफत गर्ने र सो योजनाको पाइप खरिदको भुक्तानी भइसकेको हुनाले योजनामा प्रयोग भई बाँकी रहेको पाइप यस पोखरा महानगरपालिकाको कार्यालयमा स्टोर दाखिला गर्ने गरी ठेक्का रद्द गर्ने ।

निर्णय नं. १४.- वडा नं. २४ को बास्कोट वडा कार्यालय बाटो स्तरोन्नती, पामे राउसे ओडार, आमकुना चिलिमेडाँडा सडक स्तरोन्नतीको ठेक्काको म्याद मिति २०८०/०२/२१ समाप्त हुने भएको निर्माण कम्पनीले थप समयमा काम सम्पन्न गर्ने प्रतिबद्दता गरेकोले सो ठेक्काको म्याद सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(२) बमोजिम मिति २०८१/०१/३० सम्म थप गर्ने ।

निर्णय नं. १५.- पोखरा महानगरपालिकको पूर्वाधार निर्माण मापदण्ड अध्ययनको लागि गठित विज्ञ समितिको प्रतिबेदन, २०७५ को बारेमा वडा अध्यक्ष श्री पूर्ण कुमार गुरुङ्गको संयोजकत्वको कार्यदलमा सबै वडाबाट प्राप्त सुझाबमाथि पटक पटक छलफल कार्यपालिकाको सुझाव समाबेश गरि बरिष्ठ ई. सुरेन्द्र पौडेल र ई. श्री जगन्नाथ कोईराला समेतले तयार गरेको पोखरा महानगरपालिकाको पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड, २०८० माथि विस्तृत छलफल भै पारित गर्ने र स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय भयो ।

निर्णय नं. १६.- महानगरपालिकाको वार्षिक योजना कार्यान्वयनको क्रममा बाटो चौडा बनाउँदा बाटोको बीचमा पर्न आएका विधुत पोल सार्न विधुत पोल स्थानान्तरण शीर्षकमा रु. ५०,०००००/- (पचास लाख) कर्मचारी स्वर्णीम अवकाश योजना शीर्षकबाट रकमान्तर गर्ने ।

**निर्णय नं. १७.-** राष्ट्रिय दलित पत्रकार संघको "दलित आन्दोलन र आरक्षण नीति" विषयक विचार गोष्ठी कार्यक्रमको लागि कर्मचारी स्वर्णीम अवकाश योजनामा विनियोजित रकमबाट रु. ३,९४,०००/- रकमान्तर गरि भुक्तानी दिने व्यवस्था मिलाउने ।

**निर्णय नं. १८.-** देहायका योजनाहरु आगामी आ.व २०८०/०८१ मा रकम विनियोजन भए नभएको यकिन गरि रकम विनियोजन भएका योजनाहरु बहुवर्षिय खरिद प्रक्रिया अगाडी बढाउने ।

| क्र. सं. | योजनाको नाम | चालु आ.व. ०७९/०८० मा विनियोजित रकम रु. |
|---|---|---|
| १ | भरतपोखरी निर्मलपोखरी खानेपानी (सहलगानी) | ३,००,००,०००/- |
| २ | वडा नं. ३२ को चैनपुर सातमुहाने खानेपानी आयोजना सहलगानी | २,५०,००,०००/- |
| ३ | वडा नं. २६ पृथ्वी राजमार्गको साझा घइटे खोर, खराने, राखीडाँडा जलधारे, सिलिंगे साँघुको मुख हुँदै ढल्केपुल सम्मको बैकल्पिक मार्ग | १,००,००,०००/- |
| ४ | RTO सडक पोखरा ७ र १७ | |
| | | |

**निर्णय नं. १९.-** यसमहानगरपालिकाले नगर विकास कोषबाट सृजना चोकको सपिङ्ग कम्प्लेक्स निर्माण गर्न रुं २७४६२०००।०८ र Improving Existing Road कार्यको लागि रु. १८९५३९१९.६६ गरि जम्मा रु. ४,६४,१५,९१९.७४ (चार करोड चौसट्टी लाख पन्ध्र हजार नौसय उन्नाईस रुपिया चौहत्तर पैसा) नगर विकास कोषमा ऋण रहेकोले सो रकम चालु आ.व. २०७९/०८० मा नै भुक्तानी गर्न चालु आ.व. मा कर्मचारी स्वर्णिम अवकाश योजना शीर्षकमा विनियोजित रकमबाट रकमान्तर गरी भुक्तानी दिने व्यवस्था मिलाउने ।

**निर्णय नं. २०.-** १७ औं कार्यपालिकाबाट निर्णय भएको आ.व. २०७७/०७८ मा काम सम्पन्न भएको वडा नं. ६ चिसाखोला मार्गमा चेक ड्याम निर्माण कार्यको भुक्तानी दिन बाँकी रकम रु. २५६०००/- चालु आ.व.मा विनियोजन भएको कर्मचारी स्वर्णिम अवकाश योजना बाट रकमान्तर गरी भुक्तानी दिने ।

**निर्णय नं. २१.-** देहायको शीर्षकमा रकम अभाव भएकाले आदेश भएको रकम भुक्तानी दिन नपुग भएकाले चालु आ.व. मा कर्मचारी स्वर्णिम अवकाश योजना शीर्षकबाट देहाय बमोजिमका शीर्षकमा देहाय बमोजिम रकम रकमान्तर गरि भुक्तानी गर्ने ।

| बजेट खर्च शीर्षक नं. | शिर्षकको नाम | रकमान्तर गर्ने रकम रु. |
|---|---|---|
| २८१४२ | घर भाडा | ४,००,०००/- |
| २२३१५ | छपाई खर्च | १६,००,०००/- |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २०,००,०००/- |
| २२७११ | बिबिध खर्च | ५,००,०००/- |
| २२३१५ | पत्रपत्रीका सूचना प्रकाशन | ७,०००००/- |
| २२२२१ | मेसिनरी औजार मर्मत सम्भार | ३,००,०००/- |
| २२५२२ | नगर सभा संचालन | ७,००,०००/- |

**निर्णय नं. २२-** रबिन्द्र अधिकारी स्मृति प्रतिष्ठानको आयोजनामा भएको ३ दिने युवा, उधमशीलता र विकास सम्बन्धी अन्तरक्रिया एवम् गोष्ठीको लागि रु. ५,००,०००/- ( पाँच लाख) कर्मचारी स्वर्णिम अवकाश योजना शीर्षकबाट रकमान्तर गरि भुक्तानी दिने व्यवस्था मिलाउने ।

**निर्णय नं. २३-** ६८ वर्ष माथिका ज्येष्ठ नागरिकलाई महानगरपालिकाको तर्फबाट प्रदान गरिने पोषण खर्च रकम चाललु आ.व मा विनियोजन भएको रकमबाट अन्तिम चौमासिक निकासा दिन नपुग भएको भएको रकम रु. २३,२२,९४४/- चालु आ.व. विनियोजन भएको कर्मचारी स्वर्णिम अवकाश योजना शीर्षकबाट रकमान्तर गरि निकासा दिने व्यवस्था मिलाउने ।